# स्थानीय राजपत्र

यशोधरा गाउँपालिकाद्धारा प्रकाशित

खण्डः ५)      संख्याः ३   मितिः कार्तिक ०५ गते २०७८


भाग : १

यशोधरा गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा (१) बमोजिम यशोधरा गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत २०७८ यशोधरा गाउँपालिकाको कर्मचारी समायोजन व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन नं. ३

यशोधरा गाउँपालिकाको कर्मचारी समायोजन व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना :**

सरकारी तथा अन्य सेवाबाट कर्मचारीहरुको समायोजन भई यशोधरा गाउँपालिकामा कामकाज गर्न खटाइए पश्चात साविकको स्थानीय निकायको सेवामा प्रवेश गरी हालसम्म स्थायी रुपमा कार्यरत रहेका कर्मचारीहरुको स्तर बृद्धि नहुँदा स्थानीय सेवाको समग्र कर्मचारीको वृत्ति विकास अवरुद्ध भएकोले कर्मचारी समायोजन ऐन २०७५ को दफा २३ को अधीनमा रही त्यस्ता कर्मचारीहरुको समायोजन व्यवस्थापन सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा १ बमोजिम यशोधरा गाउँपालिकाको आठौं गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"गाउँपालिकाको कर्मचारी समायोजन व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८"** रहेको छ ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः

क) **"ऐन"** भन्नाले यशोधरा गाउँपालिकाको कर्मचारी समायोजन व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८ लाई सम्झनु पर्छ ।

ख) **"कर्मचारी"** भन्नाले साविकका स्थानीय निकायको रुपमा रहेका जिल्ला विकास समिति, नगरपालिका र गाउँ विकास समितिमा कार्यरत रही समायोजन हुँदा वढुवा नभई यशोधरा गाउँ पालिकामा समायोजन भएका र यो ऐन जारी हुँदाका बखत स्थायी सेवामा कार्यरत कर्मचारीलाई सम्झनु पर्दछ ।

ग) "कार्यपालिका" भन्नाले यशोधरा गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन र गाउँपालिकाले समय समयमा निर्णय गरी तोकिएकोविषयलाई सम्झनुपर्छ ।

ङ) "गाउँ सभा" भन्नाले यशोधरा गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्छ ।

च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ बमोजिम नियुक्त गाउँपालिकाकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

छ) "स्थानीय सेवा" भन्नाले यशोधरा गाउँ पालिकामा साविकका स्थानीय निकायबाट समायोजन भई कार्यरत स्थायी कर्मचारीको सेवा समूहलाई सम्झनु पर्छ ।

ज) "गाउँपालिका" भन्नाले यशोधरा गाउँपालिकालाई सम्झनुपर्छ ।

झ) "स्थानीय कानून" भन्नाले यशोधरा गाउँपालिकाबाट जारी भएका कानूनलाई सम्झनुपर्छ ।

ञ) “स्थानीय निकाय” भन्नाले साविकका जिल्ला विकास समिति, नगरपालिका र गाउँ विकास समितिलाई सम्झनुपर्छ ।

३. **कर्मचारीको स्तर बृद्धी गर्नेः** (१) साविकमा स्थानीय निकायमा स्थायी रुपमा सेवा प्रवेश गरी गाउँपालिकामा सरुवा, समायोजन तथा पदस्थापन भएका र समायोजन हुँदाका बखत वढुवा तथा स्तर बृद्धि नभएका यो ऐन जारी हुँदाका बखत गाउँपालिकामा कार्यरत स्थानीय सेवाका कर्मचारीको स्तर बृद्धि गरिनेछ ।

४. **स्तर बृद्धिका लागि उम्मेदवार हुन चाहिने न्यूनतम सेवा अवधी, शैक्षिक योग्यता र पदनामः**

१. यस ऐन बमोजिमस्तर बृद्धिको निमित्त उम्मेदवार हुन देहाय बमोजिमको शैक्षिक योग्यता र सेवा अवधी पुगेको हुनुपर्नेछ ।

| **हालको तह** | **सेवा अवधी र शैक्षिक योग्यता** | **स्तर बृद्धि पश्चात कायम हुने तह** | **पद नाम** | **कैफियत** |
|---|---|---|---|---|
| सहायकस्तर चौथो | हालको पदमा कम्तिमा ५ वर्ष सेवा अवधी पुगेको र कम्तिमा एस.एल.सी उत्तीर्ण गरेको | सहायक स्तर पाँचौं | सहायक स्तर पाँचौं | |
| सहायक स्तर पाँचौं | हालको पदमा कम्तिमा ५ वर्ष सेवा अवधी पुगेको र कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण गरेको | अधिकृतस्तर छैठौ | अधिकृतस्तर छैटौं | |
| अधिकृतस्तर छैठौ | हालको पदमा कम्तिमा ५ वर्ष सेवा अवधी पुगेको र कम्तिमा स्नातक तह उत्तीर्ण गरेको | अधिकृतस्तर सातौं | अधिकृतस्तर सातौं | |
| अधिकृतस्तर सातौं | हालको पदमा कम्तिमा ५ वर्ष सेवा अवधी पुगेको र कम्तिमा स्नातक तह उत्तीर्ण गरेको | अधिकृतस्तर आठौं | अधिकृतस्तर आठौं | |

(२) उपदफा (१) बमोजिमको पदनाममा सम्बन्धित सेवा वा समूह जनाई पदनाम कायम हुनेछ ।

(३) यस दफा बमोजिम गाउँपालिकाका स्थानीय सेवाका कर्मचारीहरुको स्तर बृद्धि गर्दा कम्तिमा तीन वर्षको कार्य सम्पादन मूल्यांकन फारममा ९० प्रतिशत भन्दा बढी अंक ल्याएको हुनु पर्नेछ ।

(४) यस दफा बमोजिम गाउँपालिकाका स्थानीय सेवाका कर्मचारीहरुको स्तर बृद्धिका लागि निम्न बमोजिमको समितबाट कागजात छानबिन गरी सिफारिस गर्नुपर्नेछ ।

४.१ प्रमुख प्रशासकीय अधिकृत — संयोजक

४.२ संयोजकले तोकेको एक जना अधिकृत स्तरको प्रतिनिधि - सदस्य

४.३ प्रशासन शाखा प्रमुख — सदस्य सचिव

(५) यस दफा बमोजिम गाउँपालिकाका स्थानीय सेवाका कर्मचारीकरुको स्तर बृद्धि गर्दा कायम हुने तलब निजले साविकमा खाइपाई आएको तलवभन्दा कम हुने भएमा ग्रेड थप गरी तलव मिलान गरिनेछ ।

(६) उपदफा (१) बमोजिम स्तर बृद्धिहुने कर्मचारीहरुले स्तर बृद्धि कायम हुने तहका निम्ती तोकिएको तलवमान र सुविधाहरु प्राप्त गर्नेछन् ।

(७) उपदफा (२) बमोजिमको स्तर बृद्धि सम्बन्धी प्रावधान एक पटकका लागि मात्र लागु हुनेछ ।

**५. स्तर बृद्धिको पत्र दिनेः** (१) यस ऐन बमोजिम स्तर बृद्धिभएपश्चात् गाउँपालिकाका स्थानीय सेवाका कर्मचारीहरुलाई प्रमुख प्रशासकीय अधिकृतले स्तर बृद्धिभएको पत्र दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइनेस्तर बृद्धिको पत्र अनुसूची-१ बमोजिम हुनेछ ।

६. **पदस्थापन गरिनेः** (१) दफा ४ बमोजिम स्तर बृद्धि भएका गाउँपालिकाका स्थानीय सेवाका कर्मचारीहरुलाई स्तर बृद्धि पश्चात पदस्थापन गर्नु अघि स्वतः पुल दरबन्दीमा कायम भएको मानिनेछ । यसरी स्तर बृद्धि भई पुल दरवन्दीमा कायम भएका कर्मचारीहरूलाई पदस्थापन गर्नु पूर्व गरिएको कामकाज गर्न बाधा पुगेको मानिने छैन ।

(२) गाउँपालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण गराई पुल दरबन्दीमा रहेका कर्मचारीहरुलाई उपयुक्त समूह तथा उप समूहमा पदस्थापन गर्नेछ ।

७. **स्तर बृद्धि भएका कर्मचारीको सेवा सुविधाः** (१) यस ऐन बमोजिम स्तर बृद्धि भएका स्थानीय सेवाका कर्मचारीहरुको तलव तथा अन्य सुविधा प्रचलित कानूनले तोके बमोजिम हुनेछ ।

८. **जेष्ठताको गणनाः**(१) यस ऐन बमोजिम स्तर बृद्धि हुने कर्मचारीको जेष्ठता स्तर बृद्धि भएको मिति देखि गणना गरिनेछ ।

९. **आवश्यक व्यवस्था मिलाउनेः** (१) यो ऐन कार्यान्वयन गर्ने क्रममा कुनै कठिनाई उत्पन्न भएमा कार्यपालिकाले यो ऐनको प्रतिकूल नहुने गरी आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

१०. **मापदण्ड बमोजिम हुनेः** (१) साविकमा स्थानीय निकायमा स्थायी रुपमा सेवा प्रवेश गरी गाउँपालिकामा सरुवा, समायोजन तथा पदस्थापन भएका र समायोजन हुँदाका बखत वढुवा नभएका कर्मचारीहरूको स्तर बृद्धि गर्ने सम्बन्धमा व्यवस्था गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट कुनै मापदण्ड/कार्यविधि/निर्देशिका जारी भएमा सोही बमोजिम हुनेछ ।

अनुसूची - १

दफा ५ को उपदफा (२) संग सम्बन्धित

स्तर बृद्धि पत्र

पत्र संख्याः

चलानी नं.

मितिः ..........................

श्री ..............................

...........................................

विषयः स्तर बृद्धि गरिएको सम्बन्धमा ।

कर्मचारी समायोजन ऐन,२०७५, यशोधरा गाउँपालिकाको कर्मचारी समायोजन व्यवस्थापन गर्न बनेको ऐन, २०७८ बमोजिम आजैका मिति देखि लागु हुने गरी तपाईलाई देहाय बमोजिमको पद तथा तहमा पुल दरबन्दीमा रहने गरी स्तर बृद्धि गरिएको छ । आफुलाई तोकिएको जिम्मेवारी प्रचलित कानुनको अधनमा रही इमान्दारीतापुर्वक सम्पादन गर्नु हुनेछ भन्ने अपेक्षा गरिएको छ।

स्तर बृद्धि हुन भएकोमा बधाई छ ।

तपसिलः

| हाल कार्यरत पदको विवरण | समायोजन गरिएको विवरण |
|---|---|
| पदः | पदः |
| तहः | तहः |
| सेवाः | सेवाः |
| समूहः | समूहः |
| नियुक्ति मितिः | उप-समूह |

..................

( )

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, लुम्बिनी प्रदेश, बुटवल ।

श्री कर्मचारी संचय कोष, ठमेल ।

श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर ।

श्री आर्थिक प्रशासन शाखा, यशोधरा गाउँपालिका ।

आज्ञाले,

नामः रामचन्द्र ढकाल

प्रमुख प्रशासकीय अधिकृत